# स्थानीय राजपत्र

## मेल्लेख गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या १६ मिति २०८२ चैत्र ५ गते


## भाग १

## मेल्लेख गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको **स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५** को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### संवत् २०८२ को ऐन नं १६

### सहकारी ऐन, २०८२"

**प्रस्तावना:** स्थानीय पूँजी, श्रम र स्रोतको सदुपयोग मार्फत रोजगारी र आयआर्जन वृद्धि गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, साना किसान, श्रमिक, महिला, युवा तथा पिछडिएका वर्गलाई समावेशी रूपमा आर्थिक मूलधारमा ल्याई सुशासन, पारदर्शिता, आत्मनिर्भरता र समुदाय सशक्तीकरण प्रवर्द्धन

गर्न तथा संविधानले स्थानीय तहलाई दिएको अधिकारअनुसार सहकारी संस्थाको दर्ता, सञ्चालन र नियमन गर्न वाञ्छनीय भएकाले, नेपालको संविधानको धारा २२६ बमोजिम मेल्लेख गाउँपालिका गाउँ सभाले यो ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम मेल्लेख गाउँपालिकाको **"सहकारी ऐन, २०८२"** रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(ग) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजू, भाइ,



मेल्लेख गाउँपालिका

बुहारी र दिदी, बहिनी सम्झनुपर्छ।

तर, सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(घ) “बचत” भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ।

(ङ) “रजिष्ट्रार” भन्नाले संघको रजिष्ट्रार सम्झनु पर्छ।

(च) “विनियम” भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा २२ बमोजिम बनाएको विनियम सम्झनुपर्छ।

(छ) “शेयर” भन्नाले सहकारी संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ।

(ज) “सञ्चालक” भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ।

(झ) “सदस्य” भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

मेल्लेख गाउँपालिका

(ञ) "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ।

(ट) "संस्थाको व्यवसाय" भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ।

(ठ) "सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तराष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ।

(ड) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ११ र १२

बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ।

(ढ) "साधारण सभा" भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ।

(ण) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ।

(त) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा १६ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ।

## परिच्छदे २

## सहकारी संस्थाको गठन, दर्ता, अनुमति

३. **संस्थाको गठनः** (१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भई व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन्।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित

विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानुन बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

तर, एकसय जना भन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तिमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन्।

(४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा (१) वा (२) मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ।

तर, संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्नेछैन।

(५) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा कम्तीमा एकसय जना नेपाली नागरिकहरुको सहभागिता हुनु पर्नेछ।

४. **संस्थाको उद्देश्य**: कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ।

५. **संस्थाको कार्य**: संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछः

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

(ख) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

(ग) सदस्यलाई सहकारी शिक्षा, सूचना र तालीम प्रदान गर्ने ,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापन सम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

(छ) मन्त्रालय, रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार, गाउँपालिका वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने, र

(ज) विनियममा उल्लिखित कार्यहरू गर्ने।

६. **सहकारी संस्थाको कार्यक्षेत्रः** (१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः-

(क) बचत तथा ऋणको मुख्य कारोवार गर्ने संस्थाको हकमा एक वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्मः

(१) सदस्यहरु बीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या, र

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र

कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकासका क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्ष भित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ।

(६) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

७. **जानकारी दिनुपर्ने**: गाउँपालिका भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले गाउँपालिकामा सेवा सञ्चालन गर्दा सञ्चालित सेवाको विवरण सहित दर्ता गर्ने अधिकारीलाई जानकारी दिनुपर्नेछ।

८. **सहकारी संस्थाको वर्गिकरणः** बिषयगत आधारमा सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) **उत्पादक संस्था**: कृषि, दुग्ध, चिया, कफि, उखु, फलफुल र माछापालन विशेषका विषयगत र अगुवावाली एवम् उत्पादनको योजना समेतका आधारमा अन्य उत्पादनमूलक संस्था,

(ख) **उपभोक्ता संस्था**: उपभोक्ता भण्डार, वचत तथा ऋण, उर्जा र स्वास्थ्य विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य उपभोगजन्य संस्था,

(ग) **श्रमिक संस्थाः** हस्तकला, खाद्य परिकार, औद्योगिक उत्पादन, भोजनालय र श्रम करार विशेषका विषयगत र सीप वा श्रमको विशेषता एवम् स्वरोजगारीको योजना समेतका आधारमा अन्य श्रममा आधारित संस्था,

(घ) **बहुउद्देश्यीय संस्थाः** उत्पादन, उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुमुखी संस्था।

(ङ) **बचत तथा ऋण सहकारी संस्थाः** बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरु थप गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम अन्य संस्थाहरु गठन गर्न बाधा पर्नेछैन।

९. **दर्ता नगरी सहकारी संस्था सञ्चालन गर्न नहुनेः** कसैले पनि यस ऐनको दफा ११ र १२ बमोजिम दर्ता वा सूचिकरण सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन।

१०. **दर्ताको लागि दरखास्त दिनुपर्नेः** (१) यस ऐन बमोजिम गठन हुन चाहने सहकारी संस्थाले दर्ताका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची -१ को ढाँचामा दरखास्त दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नुपर्नेछः

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाब्यता अध्ययन प्रतिवेदन,र

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण।

११. **दर्ता गर्नुपर्नेः** (१) दफा १० बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछः-

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप

सञ्चालन हुन सक्ने आधार रहेको,र

(ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नुपर्नेछ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका मेल्लेख गाउँपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्थाहरु यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(४) यस दफा बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ।

१२. **<u>साविकका सहकारी संस्था सूचिकृत गर्नु पर्नेः</u>** (१) यस गाउँपालिका क्षेत्र भित्र कार्य क्षेत्र भई यो ऐन लागु हुनु पूर्व दर्ता भएका सहकारीहरुले साबिकमा अध्यावधिक गरिएको

दर्ता प्रमाण पत्र र संस्थाको अघिल्लो आर्थिक बर्षको लेखापरीक्षण प्रतिवेदन र प्रगति प्रतिवेदन सहित संलग्न गरी गाउँपालिकामा सुचिकरणका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर छानवीन गरी दर्ता अधिकारीले त्यस्तो सहकारीलाई गाउँपालिकामा सूचीकरण प्रमाणपत्र प्रदान गर्नु पर्नेछ र यस्तो सहकारी संस्था यस ऐनबमोजिम दर्ता भएका सहकारी संस्था सरह हुनेछन्।

१३. **दर्ता गर्न अस्वीकार गर्न सक्नेः** (१) दफा १० (२) मा उल्लिखित कागजात नभएमा, विनियम संशोधनको लागि सूचना दिएको अबधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र बिनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी बिनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ।

१४. **नविकरण गर्नु पर्नेः** यस ऐन बमोजिम दर्ता तथा सुचिकरण भएका सहकारी संस्थाहरुले बार्षिक रुपमा गाउँपालिकामा लेखापरीक्षण प्रतिवेदन र तोकिएबमोजिमका कागजात सहित नविकरण गर्नु पर्नेछ।

१५. **सहकारी संस्था संगठित संस्था हुने**: (१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारीवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ।

(३) सहकारी संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्रि वा अन्य व्यवस्था गर्न सक्नेछ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ।

१६. **दर्ता गर्ने अधिकारी**: (१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१७. **दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार**: यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद ३

## सहकारी सम्बन्धी कार्यान्वयन संरचना

१८. **गाउँपालिका स्तरीय सहकारी प्रवर्द्धन समितिः** गाउँपालिकामा देहायबमोजिमको एक सहकारी प्रवर्द्धन समिति रहनेछ;

(क) अध्यक्ष -संयोजक

(ख) उपाध्यक्ष -सदस्य

(ग) गाउँ कार्यपालिकाको आर्थिक विकास समिति संयोजक -सदस्य

(घ) अध्यक्षले मनोनित गरेका दुई जना महिला सहित ४ जना सहकारी क्षेत्रमा अनुभव प्राप्त व्यक्ति- सदस्य

(ङ) सहकारी संस्थाहरुको गाउँपालिका स्तरीय सहकारी संघको प्रतिनिधि एक जना -सदस्य

(च) सहकारी प्रशासन हेर्ने शाखा प्रमुख सदस्य सचिव

१९. **गाउँ सहकारी प्रवर्द्धन समितिका काम, कर्तव्य र अधिकारः** गाउँ सहकारी प्रवर्द्धन समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ;

(क) गाउँपालिका भित्र सहकारीको प्रवर्द्धन, विकास र विस्तारका लागि नीति, योजना तथा कार्यक्रम तयार गर्न सहयोग गर्ने।

मेल्लेख गाउँपालिका

(ख) सहकारी ऐन, नियमावली तथा स्थानीय तहका निर्देशनको पालना गराई सुशासन, पारदर्शिता र जवाफदेहिता कायम गराउने।

(ग) सहकारीहरूको नियमित अनुगमन, मूल्यांकन तथा निरीक्षण गरी आवश्यक सुझाव र निर्देशन दिने।

(घ) सहकारीका पदाधिकारी, सदस्य र कर्मचारीको क्षमता विकासका लागि तालिम, गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन/समन्वय गर्ने।

(ङ) सहकारीमा देखिएका समस्या, विवाद र अनियमितता समाधानका लागि पहल तथा समन्वय गर्ने।

(च) सहकारीसँग सम्बन्धित सूचना, विवरण र प्रतिवेदन संकलन गरी गाउँपालिकालाई सिफारिस गर्ने।

(छ) सहकारीमार्फत स्थानीय आर्थिक विकास, रोजगारी सिर्जना र समावेशी विकासमा योगदान पुऱ्याउने।

(ज) सहकारी संस्थाहरुको अनुगमन तथा सुपरीवेक्षण गरी आवश्यक निर्देशन दिने।

(झ) सहकारी संस्थाको एकीकरण, विघटन र समस्याग्रस्त सहकारी संस्था घोषणाका लागि कार्यपालिकालाई सिफारिस गर्ने।

२०. **सहकारी प्रशासन हेर्ने शाखाः** (१) गाउँपालिकाले सहकारी प्रशासन हेर्ने गरी कर्मचारीको व्यवस्थापन गर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको कार्मचारीको जिम्मेवारी देहायबमोजिम हुनेछ।

(क) सहकारी संस्था दर्ता, नवीकरण, अभिलेखीकरण तथा खारेजीसम्बन्धी कार्य सञ्चालन गर्ने।

(ख) गाउँपालिकाभित्रका सहकारीहरूको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने।

(ग) सहकारी ऐन, नियमावली, निर्देशिका र मापदण्डको पालना गराउने तथा कार्यान्वयनमा सहजीकरण गर्ने।

(घ) सहकारीको लेखा, वित्तीय विवरण, लेखापरीक्षण प्रतिवेदनको समीक्षा र अभिलेख राख्ने।

(ङ) समस्या ग्रस्त वा जोखिमयुक्त सहकारी पहिचान गरी सुधारात्मक कदम चाल्न सुझाव तथा समन्वय गर्ने।

(च) सहकारीका पदाधिकारी, व्यवस्थापक र सदस्यका लागि क्षमता विकास, तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने।

(छ) उजुरी, गुनासा तथा विवादको प्रारम्भिक छानबिन गरी आवश्यक प्रक्रिया अगाडि बढाउने।

(ज) प्रदेश र संघीय निकायसँग सहकारीसम्बन्धी समन्वय र सूचना आदान प्रदान गर्ने।

(झ) गाउँपालिकालाई सहकारी नीति, योजना र कार्यक्रम तर्जुमा गर्न आवश्यक तथ्यांक, प्रतिवेदन र सुझाव उपलब्ध गराउने।

(ञ) सहकारीमार्फत स्थानीय आर्थिक विकास र समावेशी कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने।

(ट) तोकिएका अन्य कार्य गर्ने

२१. **संस्था समस्याग्रस्त सहकारी संस्था व्यवस्थापन समितिको गठनः** (१) गाउँपालिकामा दर्ता तथा सुचिकृत कुनैपनि सहकारी संस्थाहरुमा देहायको अवस्था विद्यमान रहेको

देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सक्नेछः

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको, र

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा बीस प्रतिशत वा बीस जना मध्ये जुन कम हुन्छ सो बराबरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन

दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुन बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम शिफारिस भई आएमा कार्यपालिकाले तोकिए वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ४

## विनियम तथा आन्तरिक कार्यविधि

२२. **विनियम बनाउनु पर्ने :** (१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

२३. **आन्तरिक कार्यविधि बनाउन सक्ने :**(१) संस्थाले यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधी र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको साधारणसभाले स्वीकृत गरेपछि लागू हुनेछ ।

२४. **विनियम र आन्तरिक कार्यविधिमा संशोधन :**(१) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## परिच्छेद ५

## वचत तथा ऋण परिचालन र कारोबारो सम्बन्धी व्यवस्था

२५. **सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने :**(१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा वहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन।

तर यो ऐन प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रुपमा दर्ता भई मुख्य कारोवारको रुपमा वचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्ष भित्रमा वचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क लिन पाइने छैन ।

(४) बचत र ऋणको ब्याजदर बिचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६)संस्थाले कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन ।

तर

(१) संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन

र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न वाधा पर्ने छैन ।

(२) यो ऐन प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र हस्तान्तरण गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनिसंस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्नेछैन ।

(७) संस्थाले शेयर पूँजी कोषको दश गुणासम्म वचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

२६. **सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्थाः** (१) संघीय कानुन बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ ।

२७. **व्यक्तिगत बचतको सीमाः** संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तीस लाखसम्म हुनेछ ।

२८. **कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :**(१) दफा ६ बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र

विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा (१) बमोजिम कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन ।

तर त्यस्तो कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र ,स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा पन्ध्र दिनभित्र सोको जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

(५) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन् ।

(६) उपदफा (५) बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यबस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ६

## एकीकरण, बिघटन तथा दर्ता खारेज

२९. **एकीकरण तथा विभाजन सम्बन्धी व्यबस्थाः** (१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ।

३०. **विघटन र दर्ता खारेजः** (१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछः

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त

देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ :–

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपदफा (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्ध्र दिनको समय दिनु पर्नेछ ।

(५) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(७) उपदफा (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

३१. **लिक्वीडेटरको नियुक्तिः** (१) दफा ३० बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपदफामा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानुनमा तोकिएको सिमा सम्मको सम्पत्ति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

३२. **लिक्वीडेशन पछिको सम्पतिको उपयोगः** कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानुनमा तोकि बमोजिम हुनेछ ।

## परिच्छेद ७
## निरीक्षण तथा अनुगमन

३३. **विवरण उपलब्ध गराउनु पर्ने :**(१) संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको तीन महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ :–

(ग) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

(घ) बार्षिक कार्यक्रम नीति तथा योजना,

(घ) खुद बचत सम्बन्धी नीति तथा योजना,

हेल्लो गाउँपालिका

(ङ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(च) साधारणसभाको बैठक सम्बन्धी जानकारी,

(छ) शेयर सदस्य संख्या र शेयरपूँजी,

(ज) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(झ) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

३४. **निरीक्षण तथा अभिलेख जाँच गर्नेः** (१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ ।

(२) नेपाल राष्ट्र बैंङ्कले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ।

(३) उपदफा (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आबश्यक विवरण वा सूचनाहरू संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) उपदफा (१) वा (२)बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैङ्कले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ।

(७) यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले गाउँ कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

३५. **छानविन गर्न सक्ने :**(१) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा वीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

३६. **बचत तथा ऋणको कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था:** (१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपदफा (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैङ्क लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

३७. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :** (१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरू खुलाउनु पर्नेछः–

(क) सञ्चालनमा रहेका संस्थाको विवरण

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो ऐन, यस ऐन अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई गाउँपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको दफा १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

## परिच्छेद ८

## जरिवाना सम्बन्धी व्यवस्था

३८. **जरिवाना गरिने**: (१) कसैले देहायको कुनै कार्य गरेमा गाउँपालिकाले जरिवाना गर्नेछ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा,

(ख) अन्य स्थानीय तहमा दर्ता भएको तर यस गाउँपालिका क्षेत्रमा सेवा दिई रहेको सहकारीले सेवाको जानकारी नदिई काम गरेमा,

(ग) सहकारी संस्थाले कुनै नियकायबाट इजाजत पत्र लिनु पर्ने व्यवसाय इजाजत नलिई गरेमा,

(घ) संस्थाको बिनियम आन्तरिक र आन्तरिक कार्यविधि उलंघन गरेमा

(ङ) तोकिएको समयमा साधारण सभा नगरेमा, र

(च) यस ऐन र यस ऐन बमोजिम बनेका नियमहरुको उलंघन गरेमा।

मेल्लेख गाउँपालिका

(२) उपदफा (१) बमोजिमको कार्य गरेमा गाउँपालिकाले पाँच हजार देखि पच्चीस हजार रुपैयाँ सम्म जरिवाना गरी पन्ध्र दिन भित्र यस ऐनले तोकेको प्रक्रिया पुर्याउन आदेश दिन सक्नेछ।

३९. **<u>पुनरावेदन गर्न सक्ने</u>**: (१) दफा ११ र १२ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ३० बमोजिम संस्था दर्ता खारेज गरेको चित्त नबुझेमा वा दफा ३८ बमोजिम जरिवाना गरेको चित्त बुझेमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद-९

## <u>बिबिध</u>

४०. **<u>सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन तथा अध्ययन अनुसन्धानः</u>** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सहकारी संस्थासम्बन्धी सदस्य संख्या, पूँजी, कारोबार, बचत तथा ऋण, रोजगारी, वित्तीय अवस्था लगायतका विवरणको एकीकृत तथ्याङ्क संकलन, अभिलेख, व्यवस्थापन तथा अद्यावधिक गर्नेछ।

(२) सहकारी संस्थाले उपदफा (१) बमोजिम आवश्यक पर्ने विवरण तोकिएको ढाँचामा र समयावधिभित्र अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

(३) गाउँपालिकाले सहकारी क्षेत्रको अवस्था, प्रभावकारिता, चुनौती तथा सुधारका विषयमा आवश्यक अध्ययन, सर्वेक्षण तथा अनुसन्धान गर्न वा गराउन सक्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम संकलित तथ्याङ्क तथा अध्ययनका नतिजा नीति निर्माण, योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन तथा बजेट विनियोजनमा प्रयोग गरिनेछ।

(५) संकलित तथ्याङ्कको गोपनीयता, सुरक्षा तथा उपयोग सम्बन्धी व्यवस्था स्थानीय तहले तोके बमोजिम हुनेछ।

४१. **स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धिः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र रहेका सहकारी संस्थाका सञ्चालक, लेखा समिति सदस्य, कर्मचारी तथा साधारण सदस्यको क्षमता अभिवृद्धिका लागि तालिम, अभिमुखीकरण, सीप विकास तथा प्राविधिक सहयोग प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रमहरूमा सुशासन, वित्तीय तथा लेखा व्यवस्थापन, जोखिम व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, सूचना प्रविधि प्रयोग तथा कानुनी पालना सम्बन्धी विषय समावेश गरिनेछ।

(३) गाउँपालिकाले कमजोर, समस्याग्रस्त वा सुधार आवश्यक रहेका सहकारी संस्थाका लागि विशेष क्षमता विकास तथा सुधार योजना लागू गर्न सक्नेछ।

(४) उत्कृष्ट कार्यसम्पादन गर्ने सहकारी संस्थालाई प्रोत्साहन, सम्मान वा सहुलियत प्रदान गर्न सकिने व्यवस्था गाउँपालिकाले गर्न सक्नेछ।

(५) यस दफा अन्तर्गतका कार्यक्रम कार्यान्वयनको विस्तृत कार्यविधि गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

४२. **नियम बनाउने अधिकारः** यस ऐनको कार्यान्वयनकोलागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

४३. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ।

४४. **बचाउ तथा खारेजीः** (१) यस गाउँपालिकाको सहकारी ऐन, २०७५ खारेज गरिएको छ।

(२) उपदफा (१) मा उल्लिखित सहकारी ऐन २०७५ बमोजिम भए गरेका कामकारबाही यसै ऐन बमोजिम भएको मानिनेछ।

४५. **प्रचलित संघ तथा प्रदेश कानुनबमोजिम हुने व्यवस्थाः** (१) यस ऐनमा उल्लेख नभएका विषयमा सहकारीसम्बन्धी कामकारबाही प्रचलित संघीय तथा प्रदेश कानुन बमोजिम हुनेछ।

(२) यस ऐनका कुनै व्यवस्था प्रचलित संघीय वा प्रदेश कानुनसँग बाझिएमा त्यस्तो हदसम्म संघीय तथा प्रदेश कानुन लागू हुनेछ।

(३) संघीय वा प्रदेश कानुनमा संशोधन भएमा सोही बमोजिम यस ऐनका व्यवस्था स्वतः समायोजन भएको मानिनेछ।

मेल्लेख गाउँपालिका

अनुसुची १

*(दफा ५ को उप दफा (१) संग सम्बन्धित)*

**सहकारी संस्था दर्ता दरखास्त फाराम**

मितिः ......................

**विषयः सहकारी संस्थाको दर्ता गरी पाँउ बारे।**

श्री ........................................................,
मेल्लेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, अछाम

महोदय, हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं। उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं।

**संस्था सम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नामः

(ख) ठेगानाः-

(ग) उद्देश्यः-

(घ) मुख्य कार्यः-

(ङ) कार्यक्षेत्रः-

(च) दायित्व-

(छ) सदस्य सङ्ख्याः .............महिला ........ जना, पुरुष ......... जना

(ज) प्राप्त सेयर पूँजीको रकमः रु. ....

(झ) प्राप्त प्रवेश शुल्कको रकमः- रु. ..... .



मेल्लेख गाउँपालिका

अनुसुची २

*(दफा ६ को उप दफा (१) संग सम्बन्धित)*

**संस्था दर्ता प्रमाण-पत्रको नमुना**

**मेल्लेख गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, अछाम**

**सहकारी दर्ता प्रमाण-पत्र**

दर्ता नं.:

मेल्लेख गाउँपालिका सहकारी ऐन, २०८२ को दफा ... बमोजिम श्री ... ... ... ... ... ... ... ... ... ... ... ... लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

वर्गीकरणः ... ... ... ... ... ... ... ...

दर्ता गरेको मितिः

दस्तखतः

दर्ता गर्ने अधिकारीको नामः

कार्यालयको छापः

**आज्ञाले**

दिर्घ बहादुर खड्का

नि. प्रमुख प्रशासकीय अधिकृत

त